# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्या: २०८२/८३
चलानी नं. :

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

मिति-२०८२।०६।२२

# प्रेस विज्ञप्ति

मिति २०८२ असोज १८ र १९ गते अविरल वर्षाको कारणवाट पूर्वीय पहाडी क्षेत्र लगायत देशभरमा बाढी पहिरोले धनजनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ । यसका साथै, मधेश प्रदेशसहित देशका विभिन्न तराई क्षेत्रमा पनि बाढीका कारण कृषियोग्य जमिन डुवानमा परेको, अन्नबाली नष्ट भएको, घरवास गुमाएको तथा जनजीवन अत्यन्तै प्रभावित भएको छ। त्यसैगरी घाइते भएका नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेहरुको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व वोध गरोस, साथै अझै वेपत्ता रहेका नागरिकहरुको खोजी कार्य यथाशिघ्र गरी पीडित परिवारलाई सहानुभुतीपूर्वक पूर्ण व्यवस्थापन गर्नुपर्ने तथा आश्रित परिवारलाई राज्यले उचित राहत, पुनर्वासको व्यवस्था गरी/गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ । यसका अतिरिक्त प्राकृतिकजन्य विपतलाई वैज्ञानिक तवरले नै न्युनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ ।

०८२।६।२२

जीवछ साह

कार्यवाहक अध्यक्ष

मधेशी आयोग